# आफर कवितासङ्ग्रहमा दलित चेतना

■ डा. चन्द्रमान श्रेष्ठ
नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : chandrambs2007@gmail.com
DOI : https://doi.org/10.3126/ss.v10i1-2.68617

**सार**

*प्रस्तुत शोधलेखमा उन्मुक्त पुस्ताद्वारा लेखिएको 'आफर' कवितासङ्ग्रहको दलित चेतनाका आधारमा अध्ययन गरिएको छ । सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले उत्पीडनमा पारिएका जातिहरूको समुदाय नै दलित हुन् । मनुवादी हिन्दू वर्णव्यवस्थामा आधारित नेपाली समाजमा दलित समुदायले लामो समयदेखि शोषण र उत्पीडन भोग्दै आएका छन् । दलित मुक्तिका लागि सर्वप्रथम भारतका भीमराव अम्बेडकरले सङ्गठित रूपमा आवाज उठाउने काम गरे । तिनै दलितका समस्यालाई प्रस्तुत गर्दै दलितमुक्तिको आह्वान गरिएको साहित्य नै दलित साहित्य हो । हिन्दू वर्णव्यवस्थाको विरोध, सामाजिक तथा सांस्कृतिक उत्पीडनको विरोध, स्वतन्त्रता, समानता र बन्धुत्वको भावना, श्रमशोषणको विरोध, दलित नायकत्वको स्थापना आदि दलित साहित्यका आधारभूत मान्यता हुन् । यस लेखमा दलित साहित्यसम्बन्धी यिनै मुख्य मान्यताहरूलाई आधार बनाएर 'आफर' कवितासङ्ग्रहको अध्ययन गर्ने काम गरिएको छ । अध्ययनका क्रममा 'आफर' भित्रका कविताहरूले दलितको समस्यालाई सघन रूपमा उठाउँदै उनीहरूको सामाजिक मूल्य स्थापित हुनुपर्दछ भन्ने मुक्तिको आवाजलाई प्रखर रूपमा प्रस्तुत गरेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अछुत, दलित, ब्राह्मणवादी चिन्तन, वर्णव्यवस्था, सांस्कृतिक उत्पीडन

## विषयपरिचय

सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपमा उत्पीडनमा पारिएका समुदाय नै दलित हुन् । दलित शब्दले कुनै जात विशेषलाई मात्र नबुझाएर वर्णव्यवस्थाअनुसार अछुत वा पानी अचल बनाइएका उत्पीडित र अपहेलित मानिसहरूको समुदायलाई बुझाउँछ । दलितले वर्षौंदेखि भोग्दै आएका जातीय विभेद, शोषण, उत्पीडन र अमानवीय व्यवहारका विरुद्ध प्रतिरोधको आवाज उठाइएको साहित्य नै दलित साहित्य हो । दलित साहित्यमा हिन्दू वर्णव्यवस्थाले प्रतिपादन गरेको विभेदपूर्ण छुवाछुत प्रथाको विरोध गर्दै दलित मुक्तिको आवाजलाई सशक्त ढङ्गले प्रस्तुत गरिएको हुन्छ । हिन्दू वर्णव्यवस्थाको विरोध, सामाजिक तथा सांस्कृतिक उत्पीडनको विरोध, स्वतन्त्रता, समानता र बन्धुत्वको भावना, श्रमशोषणको विरोध, दलित नायकत्वको स्थापना आदि दलित साहित्यका आधारभूत मान्यता हुन् । प्रस्तुत शोधलेखमा उन्मुक्त पुस्ताद्वारा लेखिएको दलित विषयक *आफर* (२०७३) कवितासङ्ग्रहको दलित चेतनाका आधारमा विश्लेषण गरिएको छ । यस कवितासङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूले समाजमा वर्षौंदेखि उत्पीडनमा पर्दै आएका दलितहरूको समस्यालाई प्रस्तुत गर्दै उनीहरूको

पहिचान र मुक्तिको आवाजलाई प्रखर रूपमा उठाएको पाइन्छ । त्यसैले दलित चेतनाका कोणबाट यो कवितासङ्ग्रह अध्ययनीय भए पनि अहिलेसम्म त्यस्तो अध्ययन हुन सकेको पाइँदैन । यही अभाव र विषयको अध्ययनीयतालाई दृष्टिगत गरी प्रस्तुत आलेखमा *आफर* कवितासङ्ग्रहलाई विवेच्य सामग्री बनाई यसमा दलित चेतनाको प्रस्तुति कसरी गरिएको छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत शोधलेखमा उन्मुक्त पुस्ताको *आफर* कवितासङ्ग्रहको दलित चेतनाका आधारमा अध्ययन गरिएको छ । तसर्थ *आफर* कवितासङ्ग्रहका कविताहरूलाई प्राथमिक सामग्रीका रूपमा यस अनुसन्धान कार्यमा उपयोग गरिएको छ । यस लेखमा सङ्ग्रहभित्रका सबै तेत्तीस ओटा कविताहरूको अध्ययन नगरी हरेक कविका एक-एक कविता छनोट गरी आठ ओटा कवितामा अभिव्यक्त दलित चेतनाको अध्ययन गरिएको छ । दलित चेतनासम्बन्धी सैद्धान्तिक स्वरूपको निरूपणका लागि विभिन्न विद्वान्हरूद्वारा विभिन्न समालोचनात्मक ग्रन्थ तथा लेखमा व्यक्त विचारलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी सबै सामग्रीको सङ्कलन गर्दा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ र विषयको पुष्ट्याइँका लागि आगमनात्मक तर्कपद्धतिको उपयोग गर्दै दलित चेतनालाई सङ्केत गर्ने कविताकै साक्ष्यका आधारमा निष्कर्ष निकाल्ने काम भएको छ ।

## सैद्धान्तिक पर्याधार

'दलित' शब्दले सामाजिक, सांस्कृतिक र आर्थिक रूपमा पछि पारिएका वा समाजमा उपेक्षित र तिरष्कृत बन्न पुगेका जाति वा समुदायलाई बुझाउँछ । हिन्दू समाजमा वर्णव्यवस्थाअनुसार अछुत बनाइएका वा ब्राह्मण, क्षत्री, वैश्य र शूद्रमध्ये सबैभन्दा तल पारिएका शूद्र जातिका मानिसहरूलाई दलित शब्दले जनाउँछ । नेपाली बृहत् शब्दकोशमा दलित शब्दलाई दलिएको, दमन गरिएको, थिचिएको वा कुल्चिएको भनेर परिभाषित गरिएको छ (२०५८) । तर आजसम्म आइपुग्दा दलित शब्दले योभन्दा बृहत् अर्थ ग्रहण गरिसकेको छ । यसले हिन्दू समाजमा 'पानी अचल' बनाइएका जातहरूको साझा समुदायगत अर्थ ग्रहण गरिसकेको छ (आहुति, २०७५, पृ. ६०) । दलित शब्दलाई यस्तो बृहत् अर्थमा प्रयोग गर्ने प्रथम व्यक्ति भारतका प्रसिद्ध दलित नेता भीमराव अम्बेडकर थिए । आहुतिका अनुसार दक्षिण एसियाली उप-महाद्वीपको आजको भारतमा करिब ३५ सय वर्षअघि वर्णव्यवस्थाको जग हालिएको थियो भने इ.पू. ६०० सम्म आइपुग्दा वर्णव्यवस्थाभित्र छुवाछुतसमेत सुरु भइसकेको थियो । करिब दुई हजार वर्ष पहिले राजा मनुको पालामा छुवाछुतलाई कानुनी रूपमै स्थापित गर्ने काम गरियो । छुवाछुत प्रथाको विकास र नेपालमा यसको सुरुवातका विषयमा आहुति लेख्छन् :

त्यस वेलादेखि समाजको सबैभन्दा तल परेका श्रमजीवी जनताबीच फुट पार्न र शोषक वर्गीय कथित उच्च जातीय शासनलाई दीर्घजीवी बनाउन छुवाछुतसहितको वर्णव्यवस्थालाई व्यवस्थित रूपमा कठोर पार्दै लगियो । त्यसक्रममा हिन्दू धर्मीय शासन एसियामा जहाँ-जहाँ फैलियो, त्यहाँ-त्यहाँ यो छुवाछुतसहितको वर्णव्यवस्था फैलिन पुग्यो । भारतबाट हिन्दू धर्मीय शासक र जनता आजको नेपाल खण्डमा प्रवेश गर्ने क्रमसँगै यहाँ पनि यो वर्णव्यवस्था आइपुगेको कुरा इतिहाससिद्ध भइसकेको छ (आहुति, २०७५, पृ. ५९) ।

यसरी नेपालमा छुवाछुत प्रथा भारतबाट नेपाल प्रवेश गरेका हिन्दूधर्मीय आर्य जातिका मानिसहरूसँगसँगै सुरु भएको मानिन्छ । भारतमा इसाको प्रथम शताब्दीतिरै हिन्दू वर्णव्यवस्थामा आधारित मूल्य मान्यता र संस्कार चरम अवस्थामा पुगिसकेको थियो । विभिन्न समयमा नेपाल प्रवेश गरेका शासक तथा जनसमुदायहरूसँगै दलित जातीय उत्पीडन र वर्णव्यवस्थामा आधारित विभेद नेपाल प्रवेश गऱ्यो र त्यसपछिका विभिन्न शासकहरूले यसलाई अझ कठोर र व्यवस्थित बनाउँदै लगे । नेपालका दलित समुदाय अहिले नेपाली समाजको सबैभन्दा बढी अपहेलित, यातनाग्रस्त र उत्पीडित समुदाय हो ।

कतिपय व्यक्तिले दलित शब्दले हीनताबोधी वा अपमानजनक अर्थ दिने भएकाले अन्य शब्दको प्रयोग गर्नुपर्नेतर्फ जोड दिएको पाइन्छ । तर दलित मुक्ति आन्दोलनको लामो इतिहासले दलित शब्दलाई परिवर्तन र क्रान्तिको बिम्बका रूपमा स्थापित गरिसकेकाले दलित शब्दको प्रयोगमा कुनै हिचकिचाहट मान्नुपर्ने अवस्था देखिन्न । दलित आजको युगमा पनि मानवीय अधिकार र सम्मानबाट वञ्चित तथा सामाजिक रूपमा उपेक्षित भएको समुदाय हो । उनीहरूले प्राचीन समयदेखि नै सामाजिक भेदभावपूर्ण जातप्रथाविरुद्ध सङ्घर्ष गर्दै आएका छन् । यसैले दलित शब्दले हिन्दू वर्णव्यवस्थाले जन्माएको तथाकथित अछुत जात भन्ने मात्र बुझाउँदैन, बरु त्यही व्यवस्थाविरुद्ध लामो समयदेखि सङ्घर्ष गर्दै आएका श्रमजीवी समुदायलाई समेत बुझाउँछ ।

## दलित साहित्यका मूलभूत मान्यता

दलितका बारेमा लेखिएको साहित्य नै दलित साहित्य हो । समाजमा दलितले वर्षौंदेखि भोग्दै आएका जातीय विभेद, शोषण, उत्पीडन र अमानवीय व्यवहारका विरुद्ध आवाज उठाइएको साहित्य नै दलित साहित्य हो । दलित साहित्यले दलित चेतनाको विकासमा सहयोग पुऱ्याउँछ । दलित चेतना त्यो चेतना हो जसले मानवीय अधिकारको खोजी गर्दै उनीहरूलाई सामाजिक अन्यायसित सङ्घर्ष गर्ने अटुट ऊर्जा प्रदान गर्दछ (लामा, सन् २०१७, पृ. १५८) । दलित साहित्य वर्ग-विभेद र जातिपाती प्रथाले शासन गरेको समाजको विरोधमा लेखिने साहित्य हो (भट्टराई, २०७०, पृ. १९०) । दलितले भोग्दै आएका शोषण, अन्याय र अत्याचारको कलात्मक प्रतिबिम्बन दलित साहित्यमा हुन्छ । यसका साथै त्यस्ता जातीय विभेद र उत्पीडनबाट मुक्तिको खोजी दलित साहित्यको अभीष्ट हो ।

दलित साहित्य चिन्तनका दुई धार रहेका छन् । पहिलो धारले दलितसँग सम्बद्ध साहित्य सृजनालाई दलित साहित्य भन्दछ । यसअन्तर्गत दलित र गैरदलित दुवै लेखकहरूको दलित विषयक रचना पर्दछन् । अर्को धारले चाहिँ दलित लेखकद्वारा दलित चेतनासहित दलितका विषयमा लेखिएको रचनालाई मात्र दलित साहित्य मान्दछ (भट्टराई, २०७०, पृ. १९०) । दलितहरूले हजारौँ वर्षदेखि भोग्दै आएको सामाजिक उत्पीडन र त्यसको अनुभूतिलाई गैरदलित लेखक साहित्यकारहरूले अनुभूत गर्न सक्दैनन् भन्ने उनीहरूको मत रहेको पाइन्छ । दोस्रोभन्दा पहिलो धारले नै दलित साहित्यलाई सही अर्थमा अभिव्यक्त गर्न सक्दछ । किनभने दलित साहित्य भनेको दलितबारे लेखिएको, दलितको पक्षपोषण गरेर उनीहरूको मुक्तिका लागि लेखिएको साहित्य हो (चापागाईं, २०६८, पृ. ५१) । दलितको अनुभूतिलाई दलित लेखकले जति सूक्ष्म ढङ्गले व्यक्त गर्न सक्छन् त्यति गैरदलित लेखकले नसके पनि उनीहरूद्वारा रचित दलित विषयक साहित्यलाई निषेध गर्नु स्वयम् दलितकै अहितमा हुन जान्छ । तसर्थ समग्रमा हिन्दू वर्णव्यवस्थामा आधारित समाजमा दलितले भोग्नुपरेको उत्पीडन र अपमानलाई प्रस्तुत गर्दै उनीहरूको मुक्तिका लागि आह्वान गर्ने दलित र गैरदलित दुवैका रचना नै दलित साहित्य हो ।

दलितहरू उत्पीडनमा पर्नुको मुख्य कारण हिन्दू धर्ममा आधारित वर्णव्यवस्था हो । वर्णव्यवस्थाको प्रारम्भ भएदेखि नै दलितमाथिको सामाजिक उत्पीडन सुरु भयो र अधिकारबाट वञ्चित गरियो । तसर्थ वर्णव्यवस्थाको विरोध दलित साहित्यको मुख्य विशेषता हो । दलित साहित्य दलितको उत्थान र मुक्तिमा केन्द्रित हुन्छ । ब्राह्मणवादी चिन्तन हावी भएको समाजमा वर्षौंदेखि शोषण र उत्पीडनमा पर्दै आएका दलित जातिको मुक्तिको आह्वान गर्नु दलित साहित्यको प्रमुख उद्देश्य हो । यसले उनीहरूलाई आफ्नो हक अधिकारप्रति सचेत बनाउँदै समानताका लागि सङ्घर्ष गर्न उत्प्रेरित गर्छ । दलित साहित्य जाति व्यवस्थाको दासत्वबाट मुक्तिको आन्दोलन हो । जातका आधारमा गरिने सामाजिक भेदभाव र विषमताविरुद्ध आन्दोलन खडा गरेर समानतामा आधारित न्यायपूर्ण समाजको निर्माण गर्नु दलित साहित्यको प्रमुख उद्देश्य हो । यसले समाजमा हुने हरेक किसिमका उत्पीडनहरूको विरोध गर्दछ ।

श्रमप्रति उच्च सम्मान प्रकट गर्नु र श्रमशोषणको विरोध गर्नु दलित साहित्यको मुख्य विशेषता हो । दलित समुदायका हरेक जाति कुनै न कुनै श्रमसँग आबद्ध हुन्छन् । यसले उनीहरूलाई श्रम जीवनको अभिन्न अङ्ग हो भन्ने मान्यताबाट प्रशिक्षित गरेको हुन्छ । समाजमा सबैभन्दा कठिन मानिएको, सबैभन्दा तुच्छ ठानिएको वा सबैभन्दा कठोर शारीरिक श्रम पर्ने कामको जिम्मा दलितलाई दिइएको हुन्छ (सङ्गीतश्रोता, २०७०, पृ. २ ९४) । मनुस्मृतिमा गरिएको वर्ण र कामको विभाजनअनुसार शूद्र वा दलितलाई सम्पत्तिमाथि कुनै अधिकार थिएन र उनीहरूको प्रमुख काम नै आफूभन्दा माथिल्ला वर्णको सेवा गर्नु थियो (ओझा, २०७०, पृ. २४२) । त्यही सेवाबाट प्रभावित भई उनीहरूले दिएको कुराबाट गुजारा गर्नुपर्ने भएकाले दलितहरू भूमिहीन र साधनस्रोतविहीन बन्न पुगे । यहीँबाट दलितमाथिको श्रमशोषण प्रारम्भ भयो, जुन अद्यापि जारी छ । दलित साहित्यले समाजमा विद्यमान यस्तो श्रमशोषणको विरोध गर्दछ ।

दलित साहित्यमा धार्मिक एवम् सांस्कृतिक उत्पीडनविरोधी चेतना पाइन्छ (ओझा, २०७०, पृ. २४३) । वर्णव्यवस्था हिन्दू धार्मिक एवम् सांस्कृतिक परम्परासँग जोडिएर आएको पाइन्छ । वर्णव्यवस्थामा आधारित जातप्रथाले उँच-निचपूर्ण व्यवहार गर्छ, विभेद गर्छ र जातीय उत्पीडनलाई मान्यता दिन्छ । वर्णव्यवस्थाले ब्राह्मणलाई सर्वोच्च स्थानमा र दलित वा शूद्रलाई सबैभन्दा तल राखेर व्यवहार गर्छ । अछुत र पानी अचल भन्दै अपमानपूर्ण व्यवहार गर्दछ । दलित समुदायलाई वर्णव्यवस्था, जातीय भेद र ब्राह्मणवादी चिन्तनबाट मुक्त गराउनु दलित साहित्यको अभीष्ट हो ।

दलित साहित्यमा स्वतन्त्रता, समानता, मानवता र बन्धुत्वको चेतना अभिव्यक्त भएको हुन्छ (ओझा, २०७०, पृ. २४६) । वर्णव्यवस्थाले सदीयौँदेखि अछुतको दर्जामा राखेका दलित समुदायका मानिसलाई पात्र बनाएर उनीहरूको जीवन भोगाइका क्रममा आइपर्ने सामाजिक तिरस्कार र अपमानलाई व्यक्त गर्दै त्यसबाट दलित समुदायलाई मुक्त गरी समानता र स्वतन्त्रताका पक्षमा चेतना अभिवृद्धि गर्ने काम दलित साहित्यले गर्दछ । दलित साहित्य अन्य साहित्यभन्दा भिन्न हुन्छ किनभने यसले समानता, स्वतन्त्रता अनि मानवीय मूल्यको स्थापनामा बढी जोड दिन्छ (लामा, सन् २०१७, पृ. १५५) । जात व्यवस्था र छुवाछुत प्रथाले मानिस-मानिसबीचमा गहिरो खाडल सिर्जना गरेको छ । दलितले पढ्न र धन जोड्न नहुने तथा कथित माथिल्लो जातिको सेवा गर्नुपर्ने ब्राह्मणवादी चिन्तनले गर्दा अधिकांश दलित दिनहीन जीवन बाँचिरहेका छन् । यस्तो अवस्थाप्रति सचेत हुँदै मानवता र बन्धुत्वको भावनामा जोड दिनु दलित साहित्यको विशेषता हो ।

दलित साहित्यले दलित समुदायका साथसाथै सम्पूर्ण उत्पीडित वर्गहरूको मुक्तिको आह्वान गर्दछ । दलित आफैँमा सदीयौँदेखि उत्पीडनमा पर्दै आएको समुदाय हो । त्यसैले दलितका साथसाथै समाजमा लिङ्ग, क्षेत्र, जात, वर्गका आधारमा उत्पीडनमा परेका सबैको मुक्तिका लागि दलित साहित्यले आवाज उठाउँछ । मुक्तिका लागि दलित वर्गले मुक्तिकामी विचार मात्र होइन, हतियारसमेत उठाएको छ । दलित सौन्दर्यको मूल्यबोध वर्गमुक्तिको मूल्यबोधसँग जोडिएको छ (ढकाल, २०६४, पृ. ७४) । जातीय विभेदको अन्त्यले मात्र दलितको समस्या समाधान नहुने भएकाले दलित आन्दोलनलाई वर्गीय मुक्तिको आन्दोलनबाट पृथक् गर्न सकिन्न । दलित नायकको खोजी पनि दलित साहित्यको विशेषता हो । यसले दलित, उत्पीडित र उपेक्षित पात्रको नायकत्व स्थापनाको माग गर्दछ ।

## छलफल र निष्कर्ष

## आफर कवितासङ्ग्रहको अध्ययन

*आफर* (२०७३) उन्मुक्त पुस्ताको दलित विषयक कवितासङ्ग्रह हो । यसमा उन्मुक्त पुस्ताका आठ जना कविका तेत्तीस ओटा कविता सङ्गृहीत छन् । हरेक कविका तीनदेखि पाँच ओटासम्म कविता यस सङ्ग्रहमा अटाएका छन् । केबल बिनाबी, केशरी अम्गाईं, केशव सिलवाल, प्रकाश गुरागाईं, माधव घिमिरे 'अटल', मुक्तान थेवा, राजु स्याङ्तान र हरिशरण परियारका कविताहरू यस सङ्ग्रहमा रहेका छन् । उन्मुक्त पुस्ता समकालीन नेपाली कवितामा विषय र शैली दुवैमा परम्पराप्रति हस्तक्षेपकारी भूमिका खेल्ने युवा कविहरूको समूह हो । उनीहरूका कवितामा नवीन पौराणिक तथा सामाजिक बिम्बहरूको प्रयोग गर्दै समाजमा उत्पीडनमा पारिएका समुदायको पक्षमा आवाज उठाउनुका साथै इतिहासको पुनर्लेखनमा जोड दिइएको पाइन्छ । नेपाली समाजमा जात, क्षेत्र, वर्ग र लिङ्गका आधारमा उत्पीडनमा पारिएका समुदायको पक्षमा प्रखर आवाज प्रकट गरिएको पाइन्छ । *आफर* कवितासङ्ग्रहमा समेटिएका सम्पूर्ण कविता दलित समस्यालाई उठान गरेर लेखिएका छन् । ती कवितामा हिन्दू वर्णव्यवस्थामा आधारित नेपाली समाजमा दलितले भोग्दै आएका शोषण र उत्पीडनलाई प्रस्तुत गर्दै दलित मुक्ति र समतामूलक समाज निर्माणको आह्वान गरिएको पाइन्छ । यहाँ सङ्ग्रहभित्रका आठ जना कविका प्रतिनिधि एक-एक कविता छनोट गरी तिनमा व्यक्त भएको दलित चेतनाको खोजी गर्ने काम गरिएको छ ।

## शूद्र शम्बुक कविताको विश्लेषण

सङ्ग्रहकै पहिलो कविताको रूपमा रहेको 'शूद्र शम्बुक' कविता केबल बिनाबीद्वारा रचना गरिएको हो । पौराणिक दलित पात्र शम्बुकलाई नायक बनाएर लेखिएको यस कवितामा पौराणिक कालदेखि नै दलितमाथि भेदभावपूर्ण र अमानवीय व्यवहार गरिँदै आएको कुरा प्रस्तुत गर्दै कविले इतिहासमाथि नै प्रश्न उठाएका छन् । यस कवितामा शूद्र भएर तपस्या गरेकै कारण रामद्वारा शम्बुकको हत्या गरिएको पौराणिक सन्दर्भलाई आधार बनाएर सम्प्रति समाजमा रहेको छुवाछुत र भेदभावको तीव्र विरोध गरिएको छ । यहाँ रामलाई ब्राह्मणवादको र रामराज्यलाई वर्णव्यवस्थामा आधारित समाजको प्रतीकका रूपमा लिइएको छ । वर्णव्यवस्थामा आधारित समाजमा रामहरूकै कारण शूद्र वा दलितहरूको शिर छेदन गरिन्छ र समाजमा कहिल्यै शिर ठाडो पारेर हिँड्न नसक्ने पारिन्छ । प्राकृतिक रूपमा ब्राह्मण र शूद्र समान भए पनि वर्णव्यवस्थाका कारण सामाजिक रूपमा यी दुईका बीच ठूलो विभेद खडा गरिएको छ । कवि भन्छन् :

उस्तै लाम्चो नाक
उस्तै उस्तै आँखा
आँखामा उस्तै सपना
अनि उस्तै उस्तै बुनोट
आखिर किन
वेद पढ्न हुँदैन शूद्रले ?
आखिर किन
वेद सुन्न हुँदैन शूद्रले ?
आखिर किन्
जीवन हुँदैन शूद्रको ? *(पृ. ११-१२)*

वर्णव्यवस्थाका माध्यमबाट शूद्रले वेद पढ्न र सुन्न नहुने भन्दै उनीहरूलाई ज्ञानार्जनबाट वञ्चित गरियो र उच्च वर्णको सेवा नै उनीहरूको धर्म हो भन्दै सधैँ अरूको सेवामा लाग्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरियो । परिणामतः शिक्षा र सम्पत्तिबाट उनीहरू सधैँ वञ्चित रहे । सधैँ अरूका लागि जीवन समर्पित गरेका दलितहरू आधुनिक युगका एकलव्य भएको उल्लेख गर्दै कवि सधैँ यसरी नचल्ने विचार प्रकट गर्दछन् । कवि भन्छन् :

गुरु द्रोणाचार्यको कमण्डलुको पीँधबाट
तप तप तप्किरहेको
एकलव्यको आलो रगतले
आखिर कहिलेसम्म गाइरहन सक्छ
गुरुभक्तिको गीत
आखिर कहिलेसम्म....
औँला रेटिरहन्छ एकलव्यहरू
र प्रथम घोषित भइरहन्छन् अर्जुनहरू । *(पृ. १२)*

ब्राह्मण मुखबाट र शूद्र पाउबाट जन्मेको भन्दै अहिलेसम्म दलितमाथि भेदभाव र उत्पीडन भए पनि अब यस्तो सहेर नबस्ने विचार कवितामा व्यक्त भएको छ । हरेक मानिसको जन्म उही रूपमा हुने भएकाले सबै समान भएको भन्दै कवि सामाजिक विभेदका पर्खालहरू भत्काउनुपर्ने र समतामूलक समाज निर्माण गर्नुपर्ने विचार व्यक्त गर्दछन् । दलित नायकको खोजी गर्नुका साथै हिन्दू वर्णव्यवस्थाको विरोध गर्दै कवितामा दलित मुक्तिको चेतना प्रवाह गरिएको छ ।

## द्यौला कविताको विश्लेषण

'द्यौला' कविता केशरी अम्गाईंद्वारा रचना गरिएको हो । यस कवितामा दलित समुदायअन्तर्गत पर्ने द्यौला जातिको गिरेको साख र झुकेको स्वाभिमान पुनः उठाउन आह्वान गरिएको छ । द्यौला नेवार समुदायभित्र पर्ने कथित अछुत वा तल्लो जाति हो । इतिहासमा मन्दिरका पुजारीका रूपमा रहेका द्यौला जातिलाई षड्यन्त्रपूर्वक देवताको पहरेदारका रूपमा परिणत गरियो, मान्छेको शिर गिँड्ने जल्लादका रूपमा बदनाम गरियो अनि सडक

र चोकका फोहोर सफाइ गर्ने कुचो थमाइयो । यसरी गौरवमय इतिहास भएका ढ्यौला जातिलाई अनेक षड्यन्त्र गरेर समाजमा तुच्छ र घृणित ठानिएका कामहरू सुम्पिएर अपमानित गर्ने काम गरियो । लामो समयसम्म आफ्नो जातिको स्वाभिमान र गौरव गुमाएर बाँच्नुपर्दाको पीडा प्रस्तुत गर्दै गुमेको त्यो जातीय साख र गौरव फर्काउनुपर्ने भाव कवितामा यसरी व्यक्त भएको छ :

हो,
म इतिहासले थमाएको
झुटो अभिशप्त आरोप शिरमा बोकेर
बढार्दै छु सडक र चोकहरू
र सोच्दै छु-
उठाउन साखको सगरमाथा
र बनाउन सम्मानको सागर । *(पृ. २६)*

इतिहासले ढ्यौला जातिमाथि ठूलो विभेद गरेको भन्दै इतिहासलाई सच्याउनुपर्ने आग्रह कविको रहेको छ । त्यसका लागि समाजमा कथित उच्च भनिएका जातका मानिसहरूको मस्तिष्कमा रहेको विभेदी फोहोर बढार्नुपर्ने विचार कविले व्यक्त गरेका छन् । कवि भन्छन् :

लाग्दै छ यो घडी
पुग्दैन मात्र सडक बढारेर
बढार्नु पर्छ अब
तिमीभित्रका विकृत चेतहरू । *(पृ. २६)*

दलित जातिमाथि विभेद गरिएको इतिहासको पुनर्लेखनमा जोड दिइएको यस कवितामा ढ्यौला जातिमाथि इतिहासमा भएको विभेदपूर्ण व्यवहारप्रति आक्रोश प्रकट गर्दै उनीहरूको मुक्तिका लागि विभेद गर्ने मानिसको चेतनामा नै परिवर्तन ल्याउनुपर्ने विचार व्यक्त भएको छ ।

## छुतको वक्तव्य कविताको विश्लेषण

'छुतको वक्तव्य' कवि केशव सिलवालद्वारा रचित कविता हो । यो दलितका विषयमा कथित उच्च जातिका तर्फबाट लेखिएको कविता हो । कवि इतिहासप्रति सचेत छन् । कवि स्वयम् पनि उच्च जातिभित्र पर्ने भएकाले इतिहासमा आफ्ना पुर्खाले दलितमाथि गरेको शोषण र उत्पीडनप्रति जानकार छन् । आफ्नो समुदायले दलित समुदायमाथि शोषण, उत्पीडन, घृणा र अपमान गरेको भन्दै कवि प्रायश्चित्त गर्दछन् । यो कविता कविको आफ्नो समुदायले दलित समुदायमाथि गरेको विभेदको प्रायश्चित्त र इतिहासको गम्भीर आत्मसमीक्षा हो । दलित र आफूबीच विभेदको ठूलो पर्खाल खडा गर्दै सुखजति आफू उपभोग गर्ने र दुःखको भारी दलितको टाउकोमा बोकाइदिने कथित उच्च जातकै भए पनि कवि आफूलाई यस्तो अन्यायपूर्ण व्यवहार उचित नलागेको बताउँछन् । दलित जातिकै श्रममा समाज बाँचेको छ । वर्णव्यवस्थाले नै कठिन श्रम पर्ने र तल्लो स्तरको भनिएका कामहरू दलित जातिलाई सुम्पिएको छ । लुगा सिलाउने, जुत्ता बनाउने, सिनो फाल्ने, सडक र चोक सफा गर्ने सबै काम दलितले नै गर्नुपर्दछ । दलितले बनाएको औजार र हतियार प्रयोग गर्ने, मूर्तिलाई मन्दिरमा सजाएर पूजा गर्ने तर उनीहरूलाई नै अछुत भनेर अपमान गर्ने अनि उनीहरूको श्रमको

कुनै सम्मान नगर्ने परम्पराप्रति कवि असहमति प्रकट गर्दछन् । दलितहरू इतिहासमा सधैँ उपेक्षित रहे । अब यस्तो विभेदपूर्ण इतिहासको पुनर्लेखन गर्नुपर्ने विचार कवि व्यक्त गर्दछन् । कवि भन्छन् :

तिमीले बनाएको मूर्तिलाई होइन
तिमीलाई देउता मान्नु पर्थ्यो
तिम्रा कर्मी हातहरूलाई
प्रेमले चुम्बन गर्नुपर्थ्यो
बिटुलो इतिहासलाई कुल्चेर अब
म तिमीलाई मानवीय जदौ गर्न चाहन्छु । *(पृ. ३४)*

कवि आफ्ना पुर्खाले दलितमाथि गरेको उत्पीडनप्रति खेद प्रकट गर्छन् र विगतप्रति प्रायश्चित्त गर्दै दलित सँगसँगै सहकार्य गर्न आतुर रहेको भाव यसरी व्यक्त गर्दछन् :

म तिम्रो सामु लज्जित उभिएको छु
हजारौँ वर्षको अपमानको
एक-एक स्वाद चखाऊ
ओ, मेरो प्रिय मान्छे
म तिमीलाई अँगालोमा बेर्न आतुर छु । *(पृ. ३४)*

यस कवितामा केशव सिलवाल आफू ब्राह्मण परिवारको भए पनि मनुवादी छुवाछुतमा आधारित वर्णव्यवस्था र जातप्रथाप्रति उनको विश्वास नरहेको, बरु त्यसको आलोचक भएको देखिन्छ ।

## खुकुरी कविताको विश्लेषण

'खुकुरी' प्रकाश गुरागाईंद्वारा रचना गरिएको कविता हो । यस कवितामा इतिहासमा नसमेटिएका दलित योद्धा जसवीर कामीलाई नायक बनाइएको छ । नेपाल एकीकरणमा धेरै नेपालीले आफ्नो वीरता प्रदर्शन गरेर आफूलाई बलिदान गरेका थिए । तर इतिहासमा शक्तिमा रहेका कथित उच्च जातका मानिसहरूको वीरताको गाथा मात्र लेखियो । इतिहास निर्माणमा महत्त्वपूर्ण योगदान हुँदाहुँदै पनि दलित र अछुत भएकै कारण जसवीर कामी जस्ता वीर योद्धाहरूको नाम इतिहासमा लेखिएन । इतिहास लेखनको यस्तो विभेदपूर्ण चरित्रलाई स्पष्ट पार्दै कवि भन्छन् :

आगोको पोखरीमा पसेर
चमचम टल्काएको खुकुरीमा
टल्काएको बहादुरी पनि अर्कैको भयो
फलामे भुङ्ग्रोमा डामिएर खोपेको नाममा
टाँसिएको पहिचान पनि अर्कैको भयो
खुकुरीमा खोप्दा खोप्दै गोर्खाली वीरता
गाड्दा गाड्दै विजयको झन्डा
आफू कहिल्यै गोर्खाली हुनै सकेन
जसवीर 'वीर' हुनै सकेन । *(पृ. ४८-४९)*

इतिहासमा गुमनाम त्यही जसवीर र उसले प्रयोग गरेको खुकुरीलाई बिम्ब बनाएर कविले यस कवितामा इतिहासको पुनर्लेखन गर्नुपर्ने आवाज उठाएका छन् । यस कवितामा जसवीरको खुकुरीलाई देशभक्ति र वीरता, देवीथानलाई ब्राहमणवाद वा राजदरबार तथा देवीथानमा बस्ने देवतालाई कथित उच्च जात वा राजाको प्रतीकका रूपमा प्रयोग गरिएको छ । देवीथानमा बस्ने देवताहरूले जसवीरको खुकुरी प्रयोग गरेको तर दलित भएकै कारण त्यही जसवीरलाई चिन्न नसकेको कुरा कवितामा प्रस्तुत गरिएको छ । उसको खुकुरी देवीथानमा बस्ने देवताहरूबाट अपहरित भएको छ । आफ्नो पहिचानको रूपमा रहेको खुकुरी खोसिइसकेपछि अब त्यो खुकुरीबाट आफ्नो दुःख हरण हुन नसक्ने निष्कर्षमा जसवीर पुगेको छ । आफूलाई बहिष्कृत गर्ने इतिहासप्रति क्षुब्ध बन्दै जसवीर कामी फेरि नयाँ खुकुरी बोकेर आफ्नो पहिचान र मुक्तिका लागि देवीथानमा बस्ने देवताहरूसँग युद्ध गर्नुपर्ने विचार प्रकट गर्दछ । कवि भन्छन् :

इतिहासबाट उठेर
आरनले खाएका काला लुगा
मिल्काइसकेको छ उसले
हातमा नयाँ खुकुरी चम्काउँदै
नाङ्गै दौडन चाहन्छ जसवीर कामी
छेड्न चाहन्छ युद्ध
देवीथानमा आफूलाई सुरक्षित मानिरहेको
त्यही देवताविरुद्ध पनि । *(पृ. ४९)*

यसरी कवितामा दलित नायकको खोजी, दलितमाथि भेदभावपूर्ण व्यवहार गर्ने वर्णव्यवस्थाको विरोध र इतिहासको पुनर्लेखन गर्नुपर्नेमा जोड दिइएको छ । अछुत भएकै कारण इतिहासमा बिर्सिइएको एउटा पात्र जसवीर कामीको पहिचान र मुक्तिका लागि अर्को युद्ध लड्नुपर्ने आवश्यकता रहेको कविताले औंल्याएको छ ।

## सास्तीको सर्ग कविताको विश्लेषण

'सास्तीको सर्ग' कविता कवि माधव घिमिरे 'अटल'द्वारा रचना गरिएको हो । यस कवितामा जसे कामीका माध्यमबाट राज्यबाट खोसिएको दलित पहिचानको खोजी गरिएको छ । जसे कामी लामो समय उत्पीडन सहेर बसेका दलित समुदायको प्रतिनिधि पात्र हो । श्रमसँग जोडिएका दलितहरूको जीवन सधैँ दुःख र कष्टमै बित्यो । भूमि र सम्पत्तिमा अधिकार नभएका दलितहरू सधैँ दासीको जस्तो जीवन बाँच्न विवश छन् । कवि भन्छन् :

रोप्यौँ पसिना, उमार्‍यौँ अभाव
सिञ्चिएर श्रम भित्र्यायौँ हाहाकार
डढाएर धूपमा भुतुङ्गो तन
घिसार्‍यौँ रोजिन्दा उही दासी जीवन । *(पृ. ५९)*

श्रम दलितले गर्छन् तर फल अर्कैले लिन्छन् । यही कारण जतिसुकै परिश्रम गरे पनि जसे कामीहरूको जीवन दासीको जस्तै रहिरह्यो । उल्टो समाजबाट उनीहरूले अनेकौँ अपमान र घृणा पाए । लामो समय उसका पुर्खा यस्तै उत्पीडन सहेर बाँचे । तर अब चेतनाको दियो सल्किँदै गएकाले जसे कामी आफ्नो हराएको स्वाभिमान

खोजी गर्न र गुमेको पहिचान फर्काउन चाहन्छ । ऊ मानिसका रूपमा सम्मानित जीवन बाँच्न चाहन्छ । राज्यको विभेदपूर्ण व्यवहारकै कारण दलितले यस्तो नियति भोग्नुपरेको भन्दै ऊ राज्यले गुमेको पहिचान फिर्ता गरेर सम्मानपूर्वक बाँच्न पाउने अवस्था सिर्जना गर्नुपर्ने विचार प्रकट गर्दछ । कवि भन्छन् :

रातास्मे नहुँदै पूर्वी क्षितिज
पछ्याएर जूनकिरी उडान
हाँसेर अनायास फिस्स हाँसो
जाँदै छ जसे
गन्तव्य ताकेर नेपाल खाल्डो । *(पृ. ५९)*

कविका विचारमा राज्यको संरचना नै उत्पीडनकारी चरित्रको रहुन्जेल दलितमुक्ति सम्भव नभएकाले राज्य संरचनामा नै परिवर्तनको आवश्यकता रहेको छ । श्रमशोषणको विरोध गर्दै दलितले श्रमको उचित मूल्य पाउनुपर्ने विचार कवितामा व्यक्त भएको छ ।

## बाङ्गे सार्की कविताको विश्लेषण

'बाङ्गे सार्की' मुक्तान थेबाद्वारा रचना गरिएको कविता हो । यस कवितामा इतिहासमा गुमनाम पारिएको एक देशभक्त दलित पात्र बाङ्गे सार्कीलाई नायक बनाइएको छ । बाङ्गे सार्की नेपाल-अङ्ग्रेज युद्धका दौरान वि.सं. १८६६ तिर नेपाल जाने बाटो पहिल्याउन नसकेर अलमलिएर बसेको अङ्ग्रेज फौजलाई बाटो देखाउन अस्वीकार गर्दा मारिएका थिए (थेबा, पृ. ७२) । बाङ्गे सार्की एक देशभक्त नागरिक थिए । त्यसैले उनी अङ्ग्रेजलाई नेपालतर्फको बाटो देखाउनुभन्दा मर्न तयार भए । तर दलित भएकै कारण इतिहासमा उनको नाम कतै उल्लेख भएन । शासक वर्गको प्रशस्तिमा लेखिएको इतिहासमा बाङ्गे सार्कीको नाम नअटाउनु स्वाभाविक नै हो । अछुत भएकै कारण बाङ्गे सार्कीको बहादुरी र देशभक्तिको कुरा इतिहासबाट हटाइयो । कवि भन्छन् :

किनकि
तिमी सार्की थियौ- सार्की
एक अछुत
अछुतले देशभक्ति प्रदर्शन गर्नु अपराध थियो
अछुतले छोएपछि देशभक्ति पनि अछुत हुन्थ्यो
र त तिम्रो देशभक्ति ठहरियो- अछुत
अछुतको देशभक्ति लेखिएको इतिहास पनि
अछुत हुन्थ्यो
र त इतिहासको कुरूप अनुहारबाट
पखालियो तिम्रो बहादुरी । *(पृ. ७०)*

हिन्दू धर्ममा आधारित वर्णव्यवस्थाले दलित सार्कीहरूलाई निश्चित काम तोकिदिएको छ । जसअनुसार सिनो फाल्नु, छालाको काम गर्नु, रथको पाङ्ग्रा कस्नु तथा आफूभन्दा ठूला वर्णका मानिसको सेवा गर्नु उनीहरूको कर्तव्य हो । तर यसका विपरीत बाङ्गे सार्कीले देशको स्वाभिमान उच्च बनाउने काम गर्‍यो,

जसको बदलामा इतिहासबाट उसको नाम गुमनाम पारियो । इतिहासमा नेपथ्यमा पारिएका यस्ता पात्रहरूको खोजी गरी इतिहासको पुनर्लेखन गर्नुपर्ने कविको विचार रहेको छ । कवि बाङ्गे सार्कीलाई इतिहासका नायक भनिएकाहरूभन्दा उच्च पहाड बनेर बाँचिरहेको ठान्दछन् । उनी भन्छन् :

बाङ्गे दाइ !
तिमी ती सब निर्लज्जहरू कुल्चेर
निर्धक्क, एक्लै उभिएको
एउटा पहाड हौ- पहाड !! (पृ. ७१)

यसरी यस कवितामा विभेदपूर्ण वर्णव्यवस्थाको विरोध गर्नुका साथै दलित भएकै कारण इतिहासमा गुमनाम पारिएको पात्र बाङ्गे सार्कीलाई नायकको रूपमा स्थापित गरी सिङ्गो दलित जातिको स्वाभिमानलाई उच्च बनाउने काम गरिएको छ ।

## आरन र डम्फू कविताको विश्लेषण

'आरन र डम्फू' कविता राजु स्याङ्तानद्वारा रचना गरिएको हो । दलित र जनजातीय बिम्बको प्रयोग गर्दै कविले यस कवितामा दलित मुक्तिको आन्दोलनमा जनजातीय समर्थन रहेको भाव व्यक्त गरेका छन् । कतिपय सन्दर्भमा जानजातिका पक्षबाट पनि दलितमाथि भेदभाव भएको भन्दै त्यो ब्राह्मणवादी सामाजिक संरचनाका कारण अज्ञानतावश भएको र अब दलित र जनजाति मिलेर जातीय मुक्तिको आन्दोलन गर्नुपर्ने कविको निष्कर्ष रहेको छ । दलित जाति श्रम गर्ने जाति हो । श्रमकै आधारमा उनीहरूमाथि सामाजिक विभेद गरिएको हो । हरेक दलित जाति कुनै न कुनै श्रमसँग जोडिएका छन् । श्रम नै जीवन हो भन्ने विश्वास उनीहरूमा पाइन्छ । श्रम गर्ने मानिसको जीवन उच्च र सम्मानित हुनुपर्ने हो तर समाजमा त्यस्तो पाइन्न । श्रम गरेर कहिल्यै नथाक्ने दलितहरू नै समाजमा सबैभन्दा बढी उत्पीडित र अपमानित हुनुपरेको छ । कठोर वर्णव्यवस्थाको प्रारम्भ गर्ने मनुस्मृतिमा उल्लेख गरिएका व्यवस्थाका कारण समाजमा श्रमिक वर्ग दलितको शिर कहिल्यै ठाडो हुन नसकेको ऐतिहासिक यथार्थ कविले प्रस्तुत गरेका छन् । मनुस्मृतिले दलितलाई ज्ञान र सम्पत्तिको अधिकारबाट वञ्चित गऱ्यो र उच्च वर्णका मानिसको सेवा गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना गऱ्यो । यही कारण दलितले समाजमा कहिल्यै मानिसका रूपमा सम्मानित जीवन बाँच्न पाएनन् । सधैँ गरिबीमा छटपटाउँदै अमानवीय जीवन बाँच्नुपऱ्यो । कवि भन्छन् :

तिमी नझुक्ने मान्छे
नलत्रने मान्छे
आजसम्म झुकाइरहयो तिमीलाई
मनुस्मृतिका पानाहरूले
र चुसिरह्यो जुकाले झैँ
तिम्रो निर्दोष जिन्दगी । *(पृ. ७०-८०)*

तिनै दलितमाथि अछुत भनेर अपमान र घृणा गरियो । यस्तो अवस्थाबाट मुक्तिका लागि दलितले नयाँ युद्ध लड्नुपर्ने भन्दै कवि त्यस युद्धमा जनजातिहरूको पनि साथ रहने विचार व्यक्त गर्दछन् । कवि भन्छन् :

यो मानिस बन्ने लडाइँमा
तिमी एक्लै छैनौ साथी
बिल्कुल तिमी एक्लै छैनौ ।
इतिहासमा मासिन नसकेको
एउटा राष्ट्र
जसलाई विभेद गराउन सिकायो तिमीमाथि
र अन्जानमै गऱ्यो छोइछिटो
म उही राष्ट्रको एक अनागरिक
अब डम्फूभित्र बारुद बोकेर ल्याउँछु
तिमी आगो बोकेर सल्किदिनु । *(पृ. ८०)*

छुत-अछुतको संस्कार हुर्काउने काम मनुवादी ब्राह्मणवादले गरेको सत्यबोध गर्दै त्यस ब्राह्मणवादका विरुद्ध दलित र जनजाति एक भएर लड्नुपर्ने भाव कवितामा व्यक्त भएको छ । यसका साथै दलित र जनजातीय बिम्बहरूको प्रयोग गर्दै कवितामा दलितहरूले गर्ने श्रमप्रति उच्च सम्मानसमेत कवितामा प्रकट गरिएको छ ।

## सनई कविताको विश्लेषण

'सनई' कविता हरिशरण परियारद्वारा रचना गरिएको कविता हो । यस कवितामा दमाइँ जातिको पहिचानको रूपमा रहेको सहनाईलाई बिम्ब बनाएर दलित विभेदको अन्त्यका लागि चेतनाको जागरण ल्याउनुपर्ने सन्देश प्रस्तुत गरिएको छ । दमाइँ जाति वर्षौंदेखि आफ्ना सारा पीडा भुलेर विष्टको खुसीका लागि सहनाईमा सुर भरिरहेका छन् । तर पनि दमाइँहरूले तिनै विष्टबाट अछुत भन्दै अपमान र घृणा सहँदै आएका छन् । कथित ठूला जातका मानिसले दमाइँको पीडा नबुझेको भन्दै कवि भन्छन् :

मैले रक्ताम्मे पारेर अनुहार
पौन फेर्दै- आग्लीमा भरेका धुनहरूले
कहिल्यै छुन सकेन तिम्रो हृदय
कहिल्यै जोड्न सकेन हाम्रो सम्बन्ध । (पृ. ८६)

कवि आफू दमाइँ भएको र दमाइँ जातिको पहिचानको रूपमा रहेको सहनाईप्रति गौरव गर्दै भन्छन् :

हो,
म दमाइँ हुँ
सनई-
मेरो पहिचान हो
मेरो गौरव हो
मेरो पौरख हो
मेरो इतिहास हो । *(पृ. ८६)*

दमाईँ जातिले आफ्नो पेसा र पहिचानको रूपमा रहेको सहनाईप्रति गौरव गर्नुपर्ने कुरा माथिको कविताांशमा प्रकट भएको छ। कविका लागि सहनाई विष्टको खुसी र उमङ्गका लागि मीठो सुर निकाल्ने बाजा मात्र होइन, यो त दमाईँ जातिको उत्पीडनको भाका निकाल्ने र चेतनाको स्वर भर्ने सशक्त माध्यम पनि हो। कवि भन्छन् :

बजाउनु छ -
छत्तीसै ख्याली
छत्तीसै राग
र ब्युझाउनु छ
दमित बस्तीहरू। *(पृ. ८६)*

वर्षौंदेखि उत्पीडनमा पर्दै आएका दलितहरूमा चेतनाको विकास गर्दै दलित मुक्तिका लागि सङ्घर्ष गर्नुपर्ने विचार कवितामा सहनाईको बिम्बमार्फत व्यक्त भएको छ।

## निष्कर्ष

मनुस्मृतिबाट कठोर पारिएको वर्णव्यवस्थाका कारण उत्पीडनमा पारिएका दलित समुदायको मुक्तिको आह्वान गरिएको साहित्य दलित साहित्य हो। यसले श्रमसँग अभिन्न रूपमा जोडिएका तर अछुत भनेर उत्पीडनमा पारिएका दलित जातिको नायकत्वको स्थापनाको माग गर्दछ। इतिहासमा छुटाइएका दलित पात्रहरूको खोजी गर्दै इतिहासको पुनर्लेखनमा जोड दिनु दलित साहित्यको विशेषता हो। दलितको समस्या उजागर गर्दै दलित मुक्तिको आवाजलाई प्रखर रूपमा प्रस्तुत गरेका हुनाले *आफर* (२०७३) कवितासङ्ग्रहका कविताहरूमा दलित चेतनाको अभिव्यक्ति सशक्त रूपमा भएको पाइन्छ। समाजमा सदियौँदेखि शोषण र उत्पीडनमा पारिँदै आएका दलितहरूको समस्यालाई प्रस्तुत गर्दै उनीहरूमा बढ्दै गएको प्रतिरोधको भावलाई यी कविताहरूमा प्रस्तुत गरिएको छ। इतिहास निर्माणमा महत्त्वपूर्ण योगदान भएका तर दलित भएकै कारण इतिहासमा छुटाइएका बाङ्गे सार्की, जसवीर कामी जस्ता पात्रहरूको खोजी गरी तिनलाई स्थापित गराउन यी कविताहरू सफल छन्। दलित चेतनाको विकास गर्दै ब्राह्मणवादी वर्णव्यवस्थाको उत्पीडनविरुद्ध सङ्घर्ष गर्नुपर्ने विचार *आफर*भित्रका कविताहरूमा प्रस्तुत गरिएको छ। समग्रमा दलित व्यक्तिको नायकीकरण, दलितमाथि विभेद गरिएको इतिहासको पुनर्लेखनमा जोड, जातीय तथा वर्गीय विभेदको विरोध, समतामूलक समाज निर्माणको आह्वान्, हिन्दू वर्णव्यवस्थाको विरोध र श्रमप्रतिको उच्च सम्मानको अभिव्यक्ति *आफर*भित्रका यी कविताहरूमा पाइन्छ। यसरी दलित चेतना सशक्त रूपमा अभिव्यक्त भएको उत्कृष्ट कृतिका रूपमा *आफर* कवितासङ्ग्रह रहेको सपष्ट हुन्छ।

## सन्दर्भ-सूची

आहुति, (२०७५), *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष,* ते.सं, काठमाडौं : फिनिक्स बुक्स।

ओझा, रामनाथ (२०७०), 'नेपाली भाषाको साहित्यमा *दलित-चेतना', दलित सौन्दर्य-बोध,* सम्पा. राजेन्द्र महर्जन, ललितपुर : समता फाउन्डेसन, पृ. २३५-२६०।

चापागाईं, निनु (२०६८), *दलित सौन्दर्यशास्त्र र साहित्य,* ललितपुर : साझा प्रकाशन।

ढकाल, घनश्याम (२०६७), 'दलित सौन्दर्यशास्त्र : सम्भावना र स्वरूप', *प्रवर्तक*, पू. १, पृ. ६८-७५ ।

पाण्डेय, ताराकान्त (२०७०) 'समसामयिक प्रगतिशील कवितामा दलित चेतना', *दलित सौन्दर्य-बोध,* सम्पा. राजेन्द्र महर्जन, ललितपुर : समता फाउन्डेसन, पृ. १२७-१६२ ।

बिनाबी, केवल र अन्य (२०७३), *आफर,* ललितपुर : समता फाउन्डेसन ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'दलित परिप्रेक्ष्य : प्रगतिवादी आख्यानका सन्दर्भमा', *दलित सौन्दर्य-बोध,* सम्पा. राजेन्द्र महर्जन, ललितपुर : समता फाउन्डेसन, पृ. १७९-२३४ ।

महर्जन, राजेन्द्र (२०७०), *दलित सौन्दर्य-बोध* (सम्पा.), ललितपुर : समता फाउन्डेसन ।

लामा, कविता (सन् २०१७), *कविता डिस्कोर्स,* खर्साङ : माया प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०७१), *बल्भिरहने अतीत अल्भिरहने वर्तमान,* काठमाडौं : डिसकोर्स पब्लिकेसन ।

सङ्गीतश्रोता (२०७०) 'दलित सौन्दर्यशास्त्रका आधार', *दलित सौन्दर्य-बोध,* सम्पा. राजेन्द्र महर्जन, ललितपुर : समता फाउन्डेसन, पृ. २७५-३०४ ।